# खत्याड गाउँपालिकाको आर्थिक ऐन, २०८०

**प्रस्तावना:**
खत्याड गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम खत्याड गाउंपालिकाको गाउं सभाले यो ऐन बनाएको छ।

१) संक्षिप्त नाम र प्रारम्भ : (क) यस ऐनको नाम खत्याड गाउंपालिकाका आर्थिक ऐन, २०८०" रहेको छ।
(ख) यो ऐन २०८० साल श्रावण १ गते देखि खत्याड गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

२) घरजग्गा कर (संम्पति कर) : खत्याड गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर जग्गा कर लगाई असुल उपर गरिनेछ।

३) भुमिकर (मालपोत) : खत्याड गाउंपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर (मालपोत) लगाइ असुल उपर गरिनेछ।

४) बहाल कर : खत्याड गाउंपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, पोखरी पुरै वा आशिंक तबरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाइ असुल उपर गरिनेछ।)

५) व्यवसाय कर : खत्याड गाउंपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, वित्तिय तथा आर्थिक कारोवार, स्थान बिषेश र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइ असुल उपर गरिनेछ

६) जडीबुटी, कवाडी र जीबजन्तु कर : खत्याड गाउंपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाखँ, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइ असुल उपर गरिनेछ। तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित ब्यबस्था लागू हुने छैन।

७) विज्ञापन कर : खत्याड गाउँपालिका क्षेत्रभित्र हुने सवै किसिमका विज्ञापनमा अनुसूची (६) बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ।

८) मनोरञ्जन कर : खत्याड गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची (७) बमोजिमको मनोरञ्जन कर लगाइ असुल उपर गरिनेछ।)

९) बहाल बिटौरी शुल्क : खत्याड गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्बजनिक ऐलानी पर्ति जग्गा वा भबनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (८) मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइ असुल उपर गरिनेछ।

१०) सेवा शुल्क दस्तुर : खत्याड गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ।

११) घरजग्गा रजिष्ट्रेशन शुल्कः खत्याड गाउँपालिका क्षेत्रभित्रका घर जग्गा रजिष्ट्रेशन गर्दा अनुसूची (९) मा उल्लेख भए बमोजिम रजिष्ट्रेशन शुल्क लगाइ असुल उपर गरिनेछ।

१२) माछा कर : व्यवसायीक तथा व्यक्तिगत उपयोग गर्ने प्रयोजनका लागि खत्याड खोला तथा यसका सहायक खोलाहरुमा माछा मार्नु अघि अनुसूची (११) बमोजिमको कर लगाइ असुल उपर गरिनेछ।

१३) कर तथा शुल्क संकलन कार्यविधि : यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाभिने गरी खत्याड गाउँपालिकाले तोके बमोजिम हुनेछ।

१४) अन्य व्यवस्था : खत्याड गाउँपालिका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरीवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ।

अंग बहादुर शाही
अध्यक्ष

१५) वन पैदावार शुल्क : सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानून बमोजिम कार्ययोजना बनाई निकालिएको काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा त्यसरी बिक्री गरी प्राप्त भएको रकम मध्ये ४० प्रतिशत र सामुदायिक वन भित्रको आन्तरिक आम्दानीको ३० प्रतिशत रकम आर्थिक वर्ष २०८०/०८१ मा वन पैदावार शुल्क बापत खत्याड गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१६) नियम वा कार्यविधि बनाउन सक्ने: खत्याड गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरु लाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

१७) कर छुट : यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

अनुसूची १
दफा (२) सँग सम्बन्धित
घर जग्गाको मुल्याङ्कन दर

आ.व. २०८०/०८१ को लागि घरजग्गा कर निर्धारण गर्दा न्यायोचित, एवं तथ्य परक रुपमा गरिनेछ। जग्गा तथा घरको मूल्यांकन दरलाई स्थान र वनौटका आधारमा पुनरावलोकन गरि कार्यान्वयनमा ल्याईनेछ।

| विवरण | दर प्रतिवर्ग मिटर/घर रु. | अनुमानित क्षेत्रफल व.मि. | अनुमानितआय दर |
|---|---|---|---|
| जग्गा | १ | २०००० | २०००० |
| घर | ५० | १००० | ५०००० |

**अनुसूची २**
**दफा (३) सँग सम्बन्धित**
**मालपोतको दररेट**

| जग्गाको वर्ग | दर प्रतिवर्ग मिटर रु. | जरिवाना | अनुमानित क्षेत्रफल व.मि. | अनुमानितआय दर |
|---|---|---|---|---|
| अवल | ०.०६ | वार्षिक १०प्रतिशत | १०००० | ६०० |
| दोयम | ०.०५ | वार्षिक १० प्रतिशत | १५००००० | ७५००० |
| सिम | ०.०४ | वार्षिक १० प्रतिशत | २०००००० | ८०००० |
| चाहार | ०.०३ | वार्षिक १० प्रतिशत | ७५००००० | २२५००० |

अज बहादुर शाही
अध्यक्ष

अनुसूची (३)
दफा (४) सँग सम्बन्धित
बहाल करको दररेट

खत्याड गांउपालिका क्षेत्रभित्र कुनै व्यक्तिवा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वाअन्य सम्पत्ति पुरै वा आशिंक तबरले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरीनेछ । संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउंदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नु पर्नेछ ।

बहाल कर निर्धारण प्रकिया :
बहाल कर निर्धारण प्रकिया : दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधि लाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधि लाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

२) खत्याड गांउँपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वम घोषणा गरेको वा संम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गर्ने छौं ।

| अनुमानित घर बहाल | दर प्रति कोठाहरु | कर योग्य कुल मुल्य | बहाल कर | अनुमानित आय रु |
|---|---|---|---|---|
| २०० | २७५० | ५५०००० | १० प्रतिशत | ५५००० |

अनुसूची (४)
दफा (५) सँग सम्बन्धित
व्यवसाय करको दररेट

| कर आय | | विवरण | पुजिकाआधारमा रु. | | | अनुमानितआय रु. पुजिकाआधारमा | | | कुलअनुमानितआय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | |
| व्यापारिक वस्तु कर | | | | | | | | | |
| | | सिडी., डिभिडी बिक्री, भिडियो क्यासेट बिक्रीक्यासेट रिकर्डर, प्लेयर, रेडियो, डेक, फोन, घडी विक्रि तथा मर्मत | ५०० | ७५० | १००० | ४००० | १५०० | | ५५०० |
| | | मोबाइल एसेसरिज बिक्रिपसल | ५०० | ७५० | १००० | ३००० | ३००० | ३००० | ९००० |
| | | पुस्तकपसल, स्टेशनरी | ५०० | ७५० | १००० | ३००० | ३००० | १०००० | १८००० |
| | | कम्प्युटर, फोटोकपी, तथा अन्य इलेक्ट्रोनिक्स सामान विक्री | ५०० | ७५० | १००० | ३००० | ३००० | १०००० | १६००० |
| | | काठ चिरानी लगायत सामान्य लोकल फर्निचर | २००० | ५००० | १०००० | १०००० | १०००० | ३०००० | ५०००० |
| | | सिलाई केन्द्र | ५०० | ७५० | १५०० | ३००० | ३००० | ४५०० | १०५०० |
| | | रड, सिमेन्ट, जस्ता पाता, हार्डवेयर पसल | ४५०० | ५००० | १०००० | ७५०० | २५००० | ५०००० | ८२५०० |
| | | बिजुली सामानपसल | ५०० | ७५० | ३००० | ५०० | ३००० | ९००० | १२५०० |
| | | औषधी पसल | १५०० | २००० | २५०० | ९००० | २००० | २५०० | १३५०० |
| | | भेटेनरी औषधीपसल | १५०० | २००० | २५०० | ३००० | २००० | २५०० | ७५०० |
| | | खाद्य पदार्थ/किराना पसल कोल्ड ड्रिक समेत | १५०० | १७५० | २००० | २०००० | ५०००० | १००००० | १७००० |
| | | तरकारी, फलफूल पसल | ५०० | ७५० | १००० | २००० | ३००० | | ५०० |
| | | दूध, दही, घिउ, तेल बिक्रिपसल | ५०० | ७५० | १००० | २००० | ३००० | | ५०० |

अज बहादुर शाही
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भाडा कुडा पसल | १५०० | १७५० | २००० | ३०००० | २०००० | ४००० | ५४००० |
| | | सुन चाँदि पसल | १५०० | २५०० | ५००० | ६००० | ५००० | १०००० | २६००० |
| कर आय | विशेषज्ञ तथा परामर्श सेवा | | | | | | | | |
| | | वकिल | २००० | २५०० | ५००० | | | ५००० | ५००० |
| | | लेखा परीक्षक | २५०० | २७०० | २५०० | | | ५००० | ५००० |
| | | अनुसन्धान कर्ता तथा परामर्शदाता | १५०० | १७५० | २५०० | | | १०००० | १०००० |
| | | सर्भेयर / ईन्जिनियरिङ कन्सल्टेन्सी | | | २५०० | | | १८००० | १८००० |
| | | ढुवानी कर्ता कम्पनी | २५०० | २७५० | ५००० | | | १०५००० | १०५००० |
| कर आय | उत्पादन मुलक उद्योग | | | | | | | | |
| | | कोरा मालवा खेर गइरहेको माल सामानको प्रयोग वाप्रशोधन गरी उत्पादनगर्ने उद्योग व्यवसायमा | ५०० | ७५० | १५०० | ६००० | | | ६००० |
| | | खाद्यान्न मिल | | १७५० | | | | २०००० | २०००० |
| | | कृषि वा वन पैदावारमा आधारित वा अन्य उत्पादनमूलक उद्योग | | | २५०० | | | २०००० | २०००० |
| कर आय | पर्यटन उद्योग | | | | | | | | |
| | | लज गेष्ट हाउस | १५०० | | | ५०००० | | १००००० | १००००० |
| कर आय | सेवा व्यवसाय | | | | | | | | |
| | | फोटो स्टुडियो | ५०० | | | ४००० | | | ४००० |
| | | फेस हाउस | ५०० | | | ४००० | | | ४००० |
| | | छाँप तथा छाँपाखाना | १००० | २००० | ३००० | | २००० | ३००० | ५००० |
| कर आय | वित्तिय सेवा व्यवसाय | | | | | | | | |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको कार्यालय | २५०० | ५००० | २०००० | | | २०००० | २०००० |
| | | सहकारी संस्था | १५०० | २५०० | १०००० | ६०००० | २०००० | १२०००० | २००००० |
| | | बीमा कम्पनी शाखा | | | ५००० | | | ५००० | ५००० |
| कर आय | स्वास्थ्य सेवा व्यवसाय | | | | | | | | |
| | | सामुदायिक वा गैरसरकारी अस्पताल | | | २५००० | | | २५००० | २५००० |
| | | ल्किनिक तथा ल्याब | | | १०००० | | | १०००० | १०००० |
| कर आय | शैक्षिक सेवा | | | | | | | | |
| | | क्याम्पस | | | १५००० | | | १५००० | १५००० |
| | | तालिम तथा अनुसन्धान केन्द | | | ५००० | | | ५००० | ५००० |
| | | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | | | ५००० | | | ५००० | ५००० |
| | | नीजि विद्यालय प्राविधिक | | | ५००० | | | ३०००० | ३०००० |
| आय | अन्य सेवा | | | | | | | | |
| | | साईन बोर्ड बनाउने पेन्टिङ सेवा | | १००० | | | ३००० | | ३००० |
| | | विरुवा विक्रेता (नर्सरी) | १५०० | १५०० | २००० | | | २४०० | २४०० |

आज बहादुर शाही
अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण सेवा (घ) | १०००० | | | १००००० | १००००० | | | १०००० |
| कर आय | उर्जा मुलक उद्योग | | | | | | | | | |
| | | हाइड्रो पावर | २५०० | २७५० | २००० | | | | १००००० | १००००० |
| | | सोलार बिक्रि | २५०० | २७५० | २०००० | | | | १००००० | १००००० |
| | | | | | | | | | | १७०६५०० |

**अनुसूची (५)**
**दफा (६) सँग सम्बन्धित**
**जडिबुटी, कवाडी माल करको दररेट**

खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीवितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिककारोबार गरे बापत जडीबुटी, कवाडी र जीबजन्तु कर लाग्नेछ ।

क) तामा जन्य सामानका लागि प्रति किलोग्राम रु ५०, = (6qt*5000= 30000)
ख) फलाम जन्य सामानका लागि प्रति किलोग्राम रु ५, = ( 10qt*500=5000)
ग) सिलपट, स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु १०= (20qt*1000=20000)
घ) अन्यका हकमा प्रतिकिलो ग्राम रु १० = (250qt*1000=250000)

**अनुसूची (६)**
**दफा (७) सँग सम्बन्धित**
**विज्ञापन करको दररेट**

क) विज्ञापन कर निम्नानुसार हुने :
१) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन ।
२) बाटोको सीमाना देखि दश फिट भित्र तथा संधियारको सिमाना देखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवाप्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइने छैन ।
३) भवन, जमिन, व्यापारिक वाव्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा जुन सुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

ख) विज्ञापन करको दर :
१) होर्डिङ्ग बोर्ड र फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रतिवर्ष प्रति होर्डिङ्ग वोर्ड रु एक सय, (50*100= 5000)
२) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यकममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिनका लागि प्रतिदिन रु एक सयका दरले (10*100= 1000)

**अनुसूची (७)**
**दफा (८) सँग सम्बन्धित**
**मनोरञ्जन करको दररेट**

कुनै संस्था, कम्पनि वा व्यक्तिले मेला वा मनोरन्जन प्रदायक कार्यकम सञ्चालन गराए बापत दैनिक १००० वा मासिक रु पाँचहजार मनोरन्जन कर असुल उपर गरिनेछ । (2*1000= 2000)

**अनुसूची (८)**
**दफा (९) सँग सम्बन्धित**
**बहाल बिटौरी करको दररेट**

खत्याड गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका सार्बजनिक ऐलानी प्रर्ति जग्गा वा भबन वा हाटबजार वा पसल वा सडक वा बाटो किनारमा स्थान मुल्यांकन गरि रु १००० देखि रु २५०० सम्म बहाल विटौरी शुल्क लगाइ असुल उपर गरिनेछ । (30*1000= 30000)

अज बहादुर शाही
अध्यक्ष

अनुसूची (९)

दफा (१० र ११) सँग सम्बन्धित

## सेवा शुल्क दस्तुर तथा घर जग्गा रजिष्ट्रेशन दस्तुर

| क.सं | विवरण | आ.व.०७९/०८० का लागि करको दर | आ.व.०७९/०८० का लागि अनुमानित परिणाम | आ.व.०७९/०८० का लागि कुल अनुमानित आय | कैफियत |
|---|---|---|---|---|---|
| | घरजग्गा रजिष्ट्रेशन तथा नामसारी सिफारिस | ५०० | २०० | १००००० | |
| | घर कर | ५० | ३५२५ | १७६२५० | |
| | घर कायम सिफारिस | १००० | १०० | १००००० | |
| | छात्रबृत्ति शिफारिस | १०० | १०० | १०००० | |
| | विपन्न विद्यार्थी छात्रबृत्ति शिफारिस | ० | ० | ० | |
| | अपांग सिफारिस | ० | ० | ० | |
| | अस्थायी बसोबास सिफारिस | ० | ० | ० | |
| | स्थायी बसोवास सिफारिस | ५०० | ४० | २०००० | |
| | नगारिकता सिफारिस | १०० | २०० | २०००० | |
| | आर्थिक अवस्था सम्बन्धी सिफारिश (बलियो) | ५००० | ५ | २५००० | |
| | आर्थिक अवस्था सम्बन्धी सिफारिश (कमजोर) | ५० | २०० | १०००० | |
| | जन्म मिति शंसोधन सिफारिस | ५०० | ५० | २५००० | |
| | जग्गा मूल्यांकन सिफरिस | ५०० | ५० | ५०००० | |
| | ब्यवसाय सञ्चालन नभएको सिफारिस | २०० | १० | २००० | |
| | नावालक सम्वन्धी सिफारिस | ५० | १५० | १२५०० | |
| | उद्योग ठाउसारी सिफारिस | १००० | ५ | ५००० | |
| | विद्यालय ठाउँसारी सिफारिस(निजी) | ३००० | ३ | ९००० | |
| | आन्तरीक बसाई सराई सिफारिस | १००० | ५० | ५०००० | |
| | विद्यालय कक्षा बृद्धि, सिफारिस (निजी) | १५००० | ५ | ७५००० | |
| | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस/अनुमति | १५००० | ५ | ७५००० | |
| | ब्यक्तिगत विवरण सिफारिस | १०० | ५० | ५००० | |
| | जग्गा दर्ता सिफारिस | १००० | ५० | ५०००० | |
| | विद्यालय वा संकाय बृद्धि सिफारिश | ५००० | ५ | २५००० | |
| | कित्ताकाट सिफारिस (प्रतिकित्ता) | १०० | ३०० | ५०००० | |
| | सरकारको नाममा बाटो कायम सिफारिस | १००० | ५ | ५००० | |
| | नाता प्रमाणित सिफारिस (नेपाली) | १०० | ५०० | ५०००० | |
| | निःशुल्कवा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | ५० | ५००० | |
| | संस्थादर्ता सिफारिस | ३००० | २५ | ७५००० | |
| | समुह दर्ता सिफारिस | १००० | १०० | १०००० | |
| | घर बाटो प्रमाणित | ५०० | १० | ५००० | |
| | चार किल्ला प्रमाणित | १००० | ३० | ३०००० | |
| | जन्ममिति प्रमाणित | १०० | २०० | २०००० | |
| | विवाह प्रमाणित | ५०० | १०० | ५०००० | |
| | घरधुरी प्रमाणित | ५०० | १०० | ५०००० | |
| | फरक, फरक नाम, थर शिफारिस/प्रमाणित | १०० | २० | २००० | |
| | अन्य प्रमाणित | १०० | ३०० | ३०००० | |
| | अविवाहित प्रमाणित | १००० | १० | १०००० | |
| | जग्गाधनी पुर्जा हराएको सिफारिस | १०० | ५० | ५००० | |
| | मिलापत्र कागजात गराउने | १००० | ५० | ५०००० | |
| | योजना माग शिफारिस | ५०० | ५०० | २५००० | |
| | योजना फरफारक शिफारिस | १००० | २०० | २००००० | |
| | योजना सम्झौता सिफारीस | ५०० | २०० | | |

अज बहादुर शाही
अध्यक्ष

गज बहादुर शाही
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | जन्म/मृत्यु/विवाह/बसाई सराई/सम्बन्ध विच्छेद दर्ता (३५ दिन भित्र निःशुल्क, त्यस पछि रु.५० ) | १०० | १०० | १०००० | |
| | प्रमाणिकरण (भेरिफिकेसन) | ५०० | १०० | ५०००० | |
| | कक्षा आठको ग्रेड सिट प्रतिलिपी | ५०० | ५० | २५००० | |
| | कक्षा आठको प्रमाण पत्र प्रतिलिपी | ५०० | ५० | २५००० | |
| | उच्च शिक्षा अध्ययन लागि सिफारीस | ५०० | १० | ५००० | |
| | पुनर्योग नतिजा शुल्क प्रति विषय | २०० | १०० | २०००० | |
| | नतिजा पुन परीक्षण शुल्क प्रति विषय | ५०० | १० | ५००० | |
| | प्रवेश शुल्क आन्तरिक | १०० | १०० | १०००० | |
| | प्रवेश शुल्क बाह्य | २०० | ५० | १०००० | |
| | सडक प्रवेश शुल्क | ५०० | २०० | १००००० | |
| | व्यवसाय नविकरण शुल्क | ७०० | ५० | ३५००० | |
| | समुह नविकरण | ५०० | २० | १०००० | |
| | संस्था नविकरण | १००० | २५ | २५००० | |
| | ठेक्का नविकरण | ३५०० | १० | ३५००० | |
| | जग्गा रजिष्ट्रेशन शुल्क शिफारीस | कुल मुल्यको ५ प्रतिशत | | ५०००० | |
| | | | | १८,८१,७५०। | |

**अनुसूची (१०)**
**दफा (१२) सँग सम्बन्धित**
**माछा कर**

व्यवसायीक तथा व्यक्तिगत उपयोग गर्ने प्रयोजनका लागि खत्याडी खोला तथा यसका सहायक खोलाहरुमा माछा मार्नु अघि तपशिल बमोजिमको कर लगाइ असुल उपर गरिनेछ।

| कर आय | | विवरण | पुजिका आधारमा रु. | | | अनुमानित आय रु. पुजिका आधारमा | | | कुल अनुमानित आय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५ के.जि. सम्म | ५ देखि १५ के.जि. | १५ देखि माथि | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | |
| व्यापारिक वस्तु कर | | | | | | | | | |
| माछा मार्ने प्रयोजनका लागि | | | १०० | २५०० | ५००० | १०००० | १०००० | २०००० | ४०००० |

**अनुसूची (११)**
**दफा १५ सँग सम्बन्धित**
**जरिवाना**

खत्याड गाउँपालिका क्षेत्रभित्र करका दायरा भित्र आउन अटेर गर्ने, निषेधित तथा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई पहिलो पटक रु ५०० जरिवाना गरिनेछ। पटके रुपमा पक्राउ पर्नेका हकमा माथि उल्लेखित जरिवानामा प्रत्येक पटक दोब्बर जरीवाना हुने छ। यस प्रकारका कार्यमा खटिने कर्मचारीहरु सँग फिल्डमा अनावश्यक बिबाद गरेमा सो प्रकृती अनुसारको थप कारवाही तथा जरिवाना गरिने छ। (100*500= 50000)

गज बहादुर शाही
अध्यक्ष

अज बहादुर शाही
अध्यक्ष

आज मिति २०८० साल असार २७ गतेका दिन यस खत्याड गाउँपालिकाको १४औं गाउँ सभाको तेश्रो बैठक सभा अध्यक्ष श्री अज बहादुर शाही ज्यूको अध्यक्षतामा बसी तपशिलका सदश्यहरुको उपस्थितिमा निम्न निर्णय पारित गरियो ।

<u>उपस्थिति</u>

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री अज बहादुर शाही | अध्यक्ष | |
| २ | श्री सरिता रोकाया | उपाध्यक्ष | |
| ३ | श्री सिंह बाहदुर बुढा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री हेमराज मल्ल | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री रत्नु बानिया | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री जय बहादुर रावल | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री चित्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री भरत बहादुर शाही | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री गोबिन्द प्रसाद संज्याल | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री शिबलाल गिरि | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री लोकेन्द्र भण्डारी | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री कर्ण बहादुर शाही | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री रामकृष्ण कार्की | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री नन्दु भियाँल | कार्यपालिका सदस्य | |
| १५ | श्री नबिन कुमाल | कार्यपालिका सदस्य | |
| १६ | श्री छुर्मा लुवार | कार्यपालिका सदस्य | |
| १७ | श्री मिना बुढथापा | कार्यपालिका सदस्य | मिना |

अज बहादुर शाही
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १८ | श्री सुकिल्ली थापा | कार्यपालिका सदस्य | |
| १९ | श्री सुकुमाया दमाई | कार्यपालिका सदस्य | |
| २० | श्री असाडी बुढा | गाँउसभा सदस्य | |
| २१ | श्री भैर बहादुर बुढा | गाँउसभा सदस्य | |
| २२ | श्रीस सुकधन टमटा | गाँउसभा सदस्य | |
| २३ | श्री मनमता टमटा | गाँउसभा सदस्य | |
| २४ | श्री रत्न बहादुर बुढा | गाँउसभा सदस्य | |
| २५ | श्री धनिनाथ योगी | गाँउसभा सदस्य | |
| २६ | श्री डल्ली कामी | गाँउसभा सदस्य | |
| २७ | श्री दान बहादुर बुढा | गाँउसभा सदस्य | |
| २८ | श्री डबल बहादुर बानिया | गाँउसभा सदस्य | |
| २९ | श्री जयकला रोकाया | गाँउसभा सदस्य | |
| ३० | श्री होइजाली टमटा | गाँउसभा सदस्य | |
| ३१ | श्री नैनसिंह थापा | गाँउसभा सदस्य | |
| ३२ | श्री धनबहादुर थापा | गाँउसभा सदस्य | |
| ३३ | श्री निरु कामी | गाँउसभा सदस्य | |
| ३४ | श्री दान बहादुर बुढा | गाँउसभा सदस्य | |
| ३५ | श्री हरिदत्त चौलागाई | गाँउसभा सदस्य | |
| ३६ | श्री जडेनी बुढा | गाँउसभा सदस्य | |
| ३७ | श्री राजकला बि.क. | गाँउसभा सदस्य | |
| ३८ | श्री जनक बहादुर बुढथापा | गाँउसभा सदस्य | |
| ३९ | श्री नर बहादुर शाही | गाँउसभा सदस्य | |
| ४० | श्री बुगी लुवार | गाँउसभा सदस्य | |

अज बहादुर शाही
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४१ | श्री नगेन्द्र प्रसाद उपाध्याय | | |
| ४२ | श्री रन देबि जैशी | | |
| ४३ | श्री देबिसरा बि.क | | |
| ४४ | श्री धन बहादुर रोकाया | | |
| ४५ | श्री लाल बहादुर कार्की | | |
| ४६ | श्री बिसु बुढा | | |
| ४७ | श्री मिना डोली | | |
| ४८ | श्री पिउलो डाँगर | | |
| ४९ | श्री पदम बहादुर धराला | | |
| ५० | श्री रेलु कार्की | | |
| ५१ | श्री रामसरा लावड | | |
| ५२ | श्री भैरव रावल | | |
| ५३ | श्री धन बहादुर रोकाया | | |
| ५४ | श्री रुपकेउडा रोकाया | | |
| ५५ | श्री अंक बहादुर शाही | | |
| ५६ | श्री अज बहादुर रावत | | |
| ५७ | श्री जानदेबि शाही | | |
| ५८ | श्री दिप बहादुर कार्की | | |

निर्णय नं १:

खत्याड गाउँपालिकाका उपाध्यक्ष श्री सरिता रोकाया ज्युले गाउँ सभाको १४ औ अधिवेशन प्रस्तुत गर्नुभएको खत्याड गाउँपालिकाको आ.व २०८०।०८१ को आर्थिक विधेयक दफावार छलफल पश्चात निणयार्थ सभामा पेश हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २:**

खत्याड गाउँपालिकाका गाउँ सभाको १४ औ अधिवेशनमा प्रस्तुत भएको आ.व २०८०।०८१ को विनियोजन ऐन २०८० दफावार छलफल पश्चात निणयार्थ सभामा पेश हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:**

खत्याड गाउँपालिकाका उपाध्यक्ष श्री सरिता रोकाया ज्युले गाउँ सभाको १४ औ अधिवेशनमा प्रस्तुत गर्नुभएको आ.व २०७९।०८० को प्रगति विवरण र आगामी आर्थिक वर्ष २०८०।०८१ को प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट माथि व्यापक छलफल गरी निणयार्थ सभामा पेश हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

खत्याड गाउँ कार्यपालिकाको मिति २०७९।१२।२२ गतेको बैठकको निर्णय नं १ मा खत्याड गा.पा.को जल उपयोग गुरुयोजना स्वीकृत भइ सभामा पेश भएकोले उक्त गुरुयोजना माथि व्यापक छलफल गरी निणयार्थ सभामा पेश हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

खत्याड गाउँ कार्यपालिकाको मिति २०८०।०१।०६ गते बसेको ३३ औ बैठकको न.निर्णय नं.१ मा खत्याड गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRP) स्वीकृत भइ सभामा पेश हुँदा व्यापक छलफल गरी निणयार्थ सभामा पेश हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:**

खत्याड गाउँ कार्यपालिकाको मिति २०८०।०१।२७ बसेको ३६ औ बैठकको निर्णय नं.१ अनुसार खत्याड गा.पा को आधारभुत तह (१ देखि ८ कक्षा) को स्थानिय पाठ्यक्रम **हाम्रो खत्याड** माथि व्यापक छलफल गरी निणयार्थ सभामा पेश हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:**

खत्याड गाउँ कार्यपालिकाको बैठक बाट स्वीकृत भइ गाउँ सभाको १४ औ अधिवेशनमा पारितका लागि पेश भएका तपसिलका ऐन,कार्यविधी योजनाहरु माथि दफावार गरी निणयार्थ सभामा पेश हुँदा गरी पारित गर्ने निर्णय गरियो ।

तपसिल:

क.खानेपानी सरसफाई तथा स्वच्छता विधेयक २०८०

ख.विपद पुर्व तयारी तथा प्रतिकार्य योजना (DPRP)२०७९ को प्रथम संशोधन २०८०

**निर्णय नं ८:**

खत्याड गाउँ कार्यपालिकाको बैठक बाट स्वीकृत भइ सभामा पेश भएको खत्याड गाउँपालिकाको व्यवसाय दर्ता ऐन २०८० लाइ दफावार छलफल पश्चात निणयार्थ सभामा पेश हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:**

खत्याड गाउँपालिकामा कार्यरत गैरसरकारी संघ संस्थाबाट पेश भएको आ.व. २०८०/०८१ को बार्षिक बजेट रु.१००४७४४७०।८८ स्विकृत गर्ने निर्णय गरियो ।

अज बहादुर शाही
अध्यक्ष

अज बहादुर शाही
अध्यक्ष

**निर्णन नं. १०:**

खत्याड गाउँ कार्यपालिकाको ४२ औं वैठकबाट स्वीकृत भई सभामा पेश भएको खत्याड गाउँपालिकाको नगर प्रहरी  सञ्चालन तथा व्यवस्थापन ऐन, २०८० को विधेकमा दफावार रुपमा छलफल गरी उक्त ऐन, अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णन नं. ११:**

यस खत्याड गाउँपालिकाको मिति २०८० असार ८ गते शुरु भएको गाउँ सभको १४ औं अधिवेशन सभाध्यक्षको आदेशले समापन गर्ने निर्णय गरीयो ।

अज बहादुर शाही
अध्यक्ष